थाहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २०७७ संख्याः ०४ मितिः २०७७/०१/०८

भाग-२

थाहा नगरपालिका

## काममा आधारीत राहत वितरण सम्वन्धी कार्यविधि, २०७७

**प्रस्तावना :**

विश्व महामारीको रुपमा फैलिएको COVID 19 (कोरोना भाइरस) लगाएतका देशव्यापी वा स्थानियस्तरमा फैलिन सक्ने प्राकृतिक वा मानविय कारणवाट श्रृजित प्रकोपहरुको कारण असंगठित क्षेत्रमा कामकाज गर्ने श्रमिक वर्गहरुको दैनिक जिवनयापनमा श्रमको अभाव भई देनिक गुजारा चलाउन असहज परिस्थितीको सामना गर्नुपर्ने भएको हुँदा त्यस्ता वर्गका व्यक्तिहरुलाई विपत्तीको संक्रमणवाट उत्पन्न खतराप्रति सचेत गराउँदै त्यसवाट उन्मुक्ति दिन तथा स्थानिय सरकारले आफ्नो नागरिकहरुलाई प्रकोपवाट जोगाउदै जोखिममा परेका वर्गहरुलाई राहत वितरणको व्यवस्था गरेको छ । जसमा श्रममा प्रयोग गर्न सकिने वर्गलाई मूल्य सहितको सार्वजनिक क्षेत्रको श्रम तथा राहत व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी थाहा नगरपालिका कार्यपालिकाले यो काममा आधारीत राहत वितरण सम्बन्धी कार्यविधि, २०७७ बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम काममा आधारीत राहत वितरण सम्वन्धी कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) कार्यविधि भन्नाले थाहा नगरपालिकाको काममा आधारीत राहत वितरण सम्वन्धी कार्यविधि २०७७ सम्झनु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले थाहा  नगरपालिका सम्झनु पर्छ ।
(ग) “नगर कार्यपालिका” भन्नाले थाहा  नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।
(घ) “प्रमुख”भन्नाले थाहा  नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।
(ड.) “उपप्रमुख”भन्नाले थाहा  नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।
(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले थाहा  नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(छ.) वडा कार्यालय भन्नाले थाहा  नगरपालिकाका वडा कार्यालयहरुलाइ संम्झनु पर्दछ ।
(ज) वडा अध्यक्ष भन्नाले थाहा नगरपालिकाको वडाहरुमा निर्वाचित वडाअध्यक्ष लाई सम्झनु पर्दछ ।

३.उद्देश्य

यस कार्यविधिको उद्देश्य विश्वव्यापी ,देशव्यापी तथा स्थानियस्तरमा प्राकृतिक वा मानविय कारणले श्रृजना भएका वा हुन सक्ने प्रकोप तथा विपत्तीमा परेका श्रम बजारमा बिक्न सक्ने विपन्न वर्गहरुलाई श्रमको व्यवस्था गर्ने श्रमको मुल्य प्रदान गर्ने र जोखिममा रहेका वर्गलाई आवश्यकता अनुसार राहत प्याकेजको व्यवस्था गरी व्यवस्थित तवरले राहत वितरण गर्नु रहेको छ ।

४. काममा आधारीत श्रम तथा राहत व्यवस्थापन नगर समन्वय समिति :

(१) नगर तहमा श्रमको व्यवस्था ,मुल्य निर्धारण तथा राहत व्यवस्थापन गर्नको समन्वय गर्न देहाय अनुसारको राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति रहने छ :

(क).नगर प्रमुख  अध्यक्ष
(ख).उपप्रमुख –सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य
(घ) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक –सदस्य
(ङ) योजना महाशाखा प्रमुख
(च) प्राविधिक शाखा प्रमुख
(छ) विपद व्यवस्थापन सम्पर्क व्यक्ति – सदस्य सचिव

५. राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको काम कर्तव्य र अधिकारः

(क) दैनिक ज्यालादारीमा कामकाज गर्ने श्रमिक वर्गको लगत वडा मार्फत संकलन गर्न लगाउने ।
(ख) वडाहरुमा स्थानियहरुलाई प्रत्यक्ष लाभ हुने खालको सार्वजनिक कामको छनौट वडा मार्फत गराई स्विकृत गर्ने ।
(ग) श्रमको मुल्य निर्धारण गर्ने ।
(घ) नगद तथा खाद्यान्न राहतको प्याकेज निर्धारण गर्ने ।
(ङ) राहत सामग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन  गर्ने ।
(च) राहत वितरण सम्बन्धी गुनासो तथा उजुरी सुन्ने तथा गुनासो व्यवस्थापन गर्ने ।
(छ) वितरीत राहत सामाग्रीको आवश्यक नगरपालिकाको प्रतिवेदन तयार गर्ने ।
(ज) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

६. राहत संकलन तथा वितरण व्यवस्थापन :

(१) नगरस्तरमा राहत सहयोग संकलन तथा वितरण कार्य नगर समन्वय समितिबाट तय भए बमोजिम हुनेछ ।

(२) वडा स्तरमा राहत संकलन तथा वितरणका लागि सम्बन्धित वडाको वडा अध्यक्षले  संयोजन गर्ने गरी देहाय बमोजिम गरिनेछ :

(क) आफ्नो वडाभित्र रहेका दैनिक ज्यालादारीमा जीवन निर्वाह गरिरहेका श्रमिक वर्गहरुको प्रकोपका कारण दैनिक काम गर्न नपाएकोले दैनिक जीवनयापन गर्न कठिनाई भएका घर परिवारको विवरण संकलन गरि प्रत्येक घर परिवारमा रहेका श्रम शक्तिको अनुसूची १ बमोजिमको निवेदन लिई संकलन गर्ने र अनुसुची २ बमोजिमको विवरण भरि नगर समन्वय समितिमा पठाउने ।

(ख) वडामा उपलब्ध श्रम शक्ति मार्फत गराउन सक्ने सार्वजनिक योजनाको छनौट गर्ने,योजना स्विकृत गर्ने सो को लागत स्टमेट तयार गर्नका लागि नगरपालिका पठाउने ,योजना स्विकृत तथा कार्यन्वयन गर्ने ।

(ग) नगरपालिका मार्फत प्राप्त स्टमेट अनुसार आवश्यक जनशक्ति छनौट तथा संक्रमण नफैलिने गरि परिचालन गर्ने ।

(घ) परिचालित जनशक्तिको कामको अनुगमन गर्ने तथा हाजिरी गर्ने व्यवस्था गर्ने ,हाजिरी प्रमाणित गर्ने ।

(ङ) काममा प्रयोग भएका जनशक्तिहरुलाई नगरपालिकाले तोकेको नगद तथा खाद्यान्न राहत वितरण गर्ने ,भरपाई तयार गर्ने र वडा मार्फत वितरण भएको राहतको विवरणको प्रतिवेदन नगरपालिकामा पठाउने ।

७. यस कार्यविधी बमोजिम जिवननिर्वाहका लागि प्रदान गरिने नगद तथा राहत व्यवस्थापनका लागि नगरपालिकाले आर्थिक श्रोतको व्यवस्थापन गर्नेछ ।जसमा प्रधानमन्त्री रोजगार कार्यक्रम लगाएतका कार्यक्रम वाट श्रोत व्यवस्थापन गरिनेछ ।

८. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु नगरपालिकाको प्रचलित कानून अनुसार हुनेछन् ।

९. यस कार्यविधीले व्याख्या गरेको वाहेकका अशक्त, अपाङ्ग,एकल लगाएतको विशेष अवस्थाका वर्गलाई राहत वितरण गर्दा विशेष व्यवस्था बमोजिम गरिनेछ । तर,श्रममा उपयोग हुन सक्ने व्यक्ति भएका परिवारको हकमा श्रममा अनिवार्य रुपमा परिचालित नभएमा राहतको व्यवस्था गर्न नगरपालिका बाध्य हुने छैन ।

१०. कारवाही सम्बन्धी व्यवस्था : (क) यस कार्यविधीमा तोकीएको मापदण्ड पुरा नभएका व्यक्तीले झुट्टा विवरण पेश गरि राहत लिनु वा दोहोरो लिन हुदैन ।

(ख) यस कार्यविधीको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारीस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारीस गर्ने पदाधिकारीलाई निजले सिफारीस गरेको हदको रकमको दोब्बर रकम निजवाट नगरपालिकाले असुलउपर गर्नेछ ।

११. यो कार्यविधिको व्याख्या, संसोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

१२. यो कार्यविधि नगरकार्यपालिकाले उपयुक्त ठानेपछि निष्कृय गर्न सक्नेछ ।

## अनुसुची १
## काममा आधारीत राहत कार्यक्रमका लागि निवेदन

श्री वडा अध्यक्ष ज्यु,
थाहा नगरपालिका ,

वडा नं .....,....................।

**विषय : काममा आधारीत राहत पाँउ भन्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा म ......................................... यस थाहा नगरपालिकाको वडा नं ......... ,................ को स्थाई बासिन्दा हुँ र मेरो .......... सदस्य परिवारको दैनिक जिवनयापन दैनिक ज्यालादारीको काम बाटै हुँदै आईरहेकोमा हाल ..................... को महामारी नियन्त्रणका लागि सरकारवाट घोषित लकडाउनका कारण म र मेरो परिवारवाट कुनै काम पाउन नसक्ने अवस्था श्रृजना भएको हुँदा नगरपालिकाको काममा आधारीत राहत कार्यक्रमका लागि मेरो परिवारको तर्फवाट अरु सदस्य नदोहरिने गरि यो निवेदन पेश गर्दछु । यसै निवेदन मार्फत कुनै झुट्टा विवरण पेश गरि कार्यक्रममा सहभागि भएको पाईए कानुन बमोजिम सजाय भोग्न तयार भएको स्वः घोषणा समेत गर्दछु ।

निवेदकको पारिवारिक विवरण :

निवेदक :

नाम :

ठेगाना :

सम्पर्क नं :

हस्ताक्षर :

## अनुसुची २

## काममा आधारीत राहत कार्यक्रमका लागि छनौट भएकाहरुको विवरण

थाहा नगरपालिका

वडा नं ........,.............

मकवानपुर ।

**काममा आधारीत राहत कार्यक्रमका लागि छनौट भएकाहरुको विवरण**

| क्र.सं | निवेदकको नाम | ठेगाना | सम्पर्क नं | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**अनुसुची ३**
**राहत भुक्तानी भरपाई**

**अनुसुची ४**
**प्रतिवेदन**

**आज्ञाले,**
**नामः हरिलाल पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र